# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १० गते २०१४ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं ४४

पब्लिक वर्क्स तथा संचारमन्त्रालय-अन्तर्गत नेपालगञ्ज र बागलुङ आकाशवाणीलाई २ जना अपरेटर चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट खोली फी दस्तुर मोरु १। वा त्यतिको नेपाली टिकटसहित तलको ठेगाना पुग्ने गरी २०१४ साल भाद्र २३ गते रोज १ सम्ममा दरखास्त गर्नुहोला।

पदको विवरण यस प्रकार छ:—

१. पद:- अपरेटर, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:—म्याट्रिकसम्म पढेको कमसेकम ६ महिना वायरलेस र अपरेटरको काम गरेको हुनुपर्छ।

३. वाञ्छनीय योग्यता:—खबर आदान प्रदान गर्दा राम्रो बोल्न सुन्न सक्ने तथा अक्षर राम्रो भएको।

४. मासिक तलब भत्ता:—तलब मोरु ४५। विशेष भत्ता मोरु ५ र महँगो भत्ता मोरु १०.

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी--पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ४५

टेलिफोन हेड अफिसलाई तीन, कुमारीचोक नेपाल दोश्रालाई एक र अर्थ नियंत्रण मन्त्रालयलाई एक समेत ५ जना जूनियर क्लर्क चाहिएका छन्। खाली पदको संख्या अहिले ५ मात्र भए पनि यसभन्दा बढ्ने नै आशा गरिएको छ। योग्य उमेदवारहरुले प. स. क. फाराम नं.१ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट खोली फी दस्तुर मोरु १। वा त्यतिको नेपाली टिकटसहित तलको ठेगानामा पुग्ने गरी २०१४ साल कार्तिक ६ गते रोज ६ सम्ममा दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन।

न्यूनतम योग्यता पुगेकाको लिखित परीक्षा हुनेछ। जसमा विभागीय काम र हिसाबको १ पत्र तथा सामान्य ज्ञान, निबन्ध, नेपालको इतिहास र भूगोलको, १ पत्रसमेत जम्मा २ पत्र हुनेछ। लिखित परीक्षाका अन्तर्वार्तासमेतको स्थान मिति र समय पछि प्रकाश हुनेछ।

पदको विवरण यस प्रकारको छ।-

१. पदः-जूनियर क्लर्क, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः-एस्. एल्. सी. वा सोसरह पास भएको, नेपाली मध्यम मात्र पास भएको पनि हुन्छ।

३. मासिक तलब भत्ताः-तलब मोरु ३५। महँगी भत्ता मोरु. १०। मंत्रालय को निमित्त सिफारिस हुनेले मंत्रालय भत्ता मोरु १०। समेत पाउनेछ।

आज्ञाले-
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ४६

शिक्षामन्त्रालय-अन्तर्गत त्रिचन्द्रकलेजलाईत एकजना डेमोन्सट्रेटर चाहिए-को छ। योग्य उमेदवारहरुले प.स.क. फाराम नं. १ (२०१४) मा आफ्नो बेहोरा

२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्ट खोली फी दस्तुर मोरु १।५० वा त्यतिको नेपाली टिकटसहित तलको ठेगानामा पुग्ने गरी२०१४ साल कार्तिक ६ गते रोज ६ सम्ममा दरखास्त गर्नु-होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन।

पदको विवरण यस प्रकार छः—

१ पदः- डेमोन्स्ट्रेटर, स्थायी तथा पेन्सन पाइने।

२ आवश्यक न्यूनतम योग्यताः- जूलजी विषय लिई बी· एस्सी. पास भएको।

३ वाञ्छनीय योग्यताः- पहिला वा दोश्रा श्रेणीमा पास भएकालाई प्राद्यता दिने।

४ मासिक तलब भत्ता- तलब मोरु १४०। महँगी भत्ता मोरु २०।

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन·

सिंहदरबार, काठमाडौं, नेपाल·

## पब्लिक सर्भिसकमिशनको विज्ञापन नं· ४७

अर्थ नियन्त्रण मंत्रालयलाई नेपालीको १ र अंग्रेजीको १ समेत जम्मा २ जना टाइपिष्ट चाहिएका छन्। योग्य उमेदवारहरुले प·स·क· फाराम नं· १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट खोली फीदस्तुर मोरु १ वा त्यतिको नेपाली टिकटसहित २०१४ साल कार्तिक ६ गते रोज ६ सम्ममा तलको ठेगानामा दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएको दरखास्त उपर विचार हुनेछैन।

पदका विवरण यस प्रकार छन्:-

(क) १· पदः-नेपाली टाइपिष्ट स्थायी तथा पेन्सन पाइने।

२· आवश्यक न्यूनतम योग्यता :-नेपाली टाइपमा सर्टिफिकेट प्राप्त गरेको।

३. वांछनीय योग्यताः- अंग्रेजी पनि टाइप गर्न सक्ने र अंग्रेजी नवम कक्षा सम्म पढेको

(ख) १. पदः- अंग्रेजी टाइपिष्ट, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता :-अंग्रेजी टाइपमा सर्टिफिकेट प्राप्त गरेको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वांछनीय योग्यताः--नेपाली टाइप गर्न जान्ने र अंग्रेजी दशमकक्षासम्म पढेको।

दुवै पदमा मासिक तलब भत्ताः- तलब ३५। विशेष तलब १५। महँगी भत्ता १०। र मंत्रालय भत्ता १०। समेत जम्मा मोहरु ७०।

आज्ञाले-
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित मेनेजर प्रेमराज, शर्मा.

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६०